प्रतिवेदन, २०७७

# बागमती प्रदेश विकास परिषद्को दोश्रो बैठक

२०७७।०९।०६, सौराहा, चितवन




**प्रदेश नीति तथा योजना आयोग**

बागमती प्रदेश

हेटौंडा

# विषय सूची

१. परिचय ...... २
२. उद्देश्य...... २
३. छलफलका विषयहरू...... २
४. सहभागीहरू...... २
५. सहभागीहरूको सुझाव तथा प्रतिक्रियाहरू ...... ३
६. बैठकको निश्कर्ष तथा निर्णय ...... ७
अनुसूची १: कार्यक्रम तालिका...... ८
अनुसूची २: प्रस्तुतीको स्लाइड्स...... १०
अनुसूची ३: बैठकका सहभागीहरूको सूची ...... १२
अनुसूची ४: कार्यक्रमका केही तस्वीरहरू ...... १६

## १. परिचय

प्रदेश नीति तथा योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७५ बमोजिम गठन भएको बागमती प्रदेश विकास परिषद्बाट आवश्यक मार्गदर्शन प्राप्त गर्नका लागि आयोजना गरिएको प्रदेश विकास परिषद्को दोश्रो बैठक राष्ट्रिय प्रकृति संरक्षण कोषको कार्यालय सौराहा चितवनको सभा हलमा मिति २०७७/०९।०६ गते विहान ८ बजेदेखि दिनको १ बजेसम्म बस्यो। बैठकको अध्यक्षता मा. मुख्यमन्त्री तथा प्रदेश विकास परिषद्का अध्यक्ष डोरमणि पौडेलज्युले गर्नु भएको थियो भने बैठक सञ्चालन प्रदेश नीति तथा योजना आयोगका सदस्य मा. डा. यमुना कँडेलज्यूले गर्नु भयो। बैठकको कार्यक्रम तालिका **अनुसूची १** मा प्रस्तुत गरिएको छ। बैठकमा प्रदेश नीति तथा योजना आयोगका सदस्य सचिव एवम् आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री डण्डुराज घिमिरेज्यूले विकास परिषद्को पहिलो बैठकयता सम्पादन भएका प्रमुख कार्यहरू र छलफलका विषयसूचीका सम्बन्धमा प्रस्तुती गर्नु भएको थियो। प्रस्तुतीको स्लाइड्स **अनुसूची २** मा प्रस्तुत गरिएको छ।

## २. उद्देश्य

प्रदेश विकास परिषद्को दोश्रो बैठकका उद्देश्यहरू देहाय बमोजिम रहेका थिए:

- प्रदेश नीति तथा योजना आयोगबाट सम्पादन भएका कार्यहरूको समीक्षा गर्ने।
- यस प्रदेश अन्तर्गतका आवधिक योजना तर्जुमा भए/नभएका गा.पा./न.पा यकिन गरी नभएका स्थानीय तहमा आवधिक योजना निर्माण गर्ने सम्बन्धमा।
- योजना छनौट कार्यविधि निर्माण गर्ने सम्बन्धमा ।

## ३. छलफलका विषयहरू

प्रदेश विकास परिषद्को बैठकमा निम्न विषयहरूमा छलफल भएको थियो।

- विकास परिषद्को पहिलो बैठकयता सम्पादन भएका प्रमुख कार्यहरूको समीक्षा
- प्रदेश अन्तर्गतका आवधिक योजना तर्जुमा भए/नभएका गा.पा./न.पा यकिन गरी नभएका स्थानीय तहमा आवधिक योजना निर्माण
- योजना छनौट कार्यविधि निर्माण

## ४. सहभागीहरू

बैठकमा मा. मुख्यमन्त्री डोरमणि पौडेल, मा. आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्कट्टेल, मा. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरूणप्रसाद नेपाल, मा. आर्थिक मामिला तथा योजना मन्त्री कैलाशप्रसाद ढुङ्गेल, मा. सामाजिक विकास मन्त्री युवराज दुलाल, मा. भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फूँयाल, राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. रामकुमार फूँयाल, प्रदेश सभाका विभिन्न समितिका मा. सभापतिहरू, नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्शका प्रतिनिधि, प्रदेश विकास परिषद्का मनोनित सदस्यहरू, प्रदेश नीति तथा आयोगका पदाधिकारी, प्रदेश सरकारका प्रमुख सचिव, सचिवहरू र वरिष्ठ अधिकृतहरूको सहभागिता रहेको थियो। सहभागीहरूको सूची **अनुसूची ३** मा कार्यक्रमका केही तस्वीरहरू **अनुसूची** ४ मा प्रस्तुत गरिएको छ।

## ५. सहभागीहरूको सुझाव तथा प्रतिक्रियाहरू

बैठकका सहभागीहरूको सुझाव र प्रतिक्रिया देहाय बमोजिम रहेको थियो।

- श्री कृष्णमान श्रेष्ठ, प्रदेश विकास परिषद् सदस्य/नेपाल चेम्बर अफ कमर्श प्रतिनिधि।
  - नीती तथा योजना तर्जुमा कुनै निर्णय गर्नु पूर्व निजी क्षेत्रसँग छलफल सहभागी गराउन आवश्यक छ।
  - प्रदेशको विकासका लागि निजी क्षेत्र प्रदेश सरकारसँग सहकार्य गर्न सदैव तत्पर रहेको छ।
  - उपत्यकाको आपूर्ति व्यवस्था खासगरी कृषिजन्य उपजको विक्री वितरणको लागि विशेष पहल गर्नुपर्ने देखिन्छ।
  - स्थानीय तहले प्रमाणित गरेका स्थानीय उत्पादनलाई बैक तथा वित्ती संस्थाबाट सहुलितपूर्ण ऋण र सरकारी सहयोग सहज रूपमा प्राप्त हुने व्यवस्था मिलाउनु पर्ने।
  - कृषि सूचना केन्द्रको व्यवस्था हुनु पर्ने
  - आयात प्रतिष्ठान गर्ने उद्योहरू सञ्चालन सहयोग हुनु पर्ने
- श्री प्रताप विष्ट, प्रदेश विकास परिषद् सदस्य/पत्रकार, कान्तिपुर दैनिक।
  - परियोजना बैंकलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु आवश्यक छ।
  - संघीय सरकारले समर्थन मूल्य नतोकेका स्थानीय कृषि उपजहरूको प्रदेश सरकारले समर्थन मूल्य तोक्न आवश्यक देखिन्छ।
- श्री भरतवहादुर के.सी. प्रदेश विकास परिषद् सदस्य/प्रमुख, भीमेश्वर नगरपालिका।
  - स्थानीय तहको आवधिक योजना तर्जुमा गर्ने प्रस्तावित लागत र बजेट अपर्याप्त छ। स्थानीय तहको योजना तर्जुमा दिक्दर्शन र अन्य कानुनमा व्यवस्था भएका समितिहरूमा सबै सरोकारवालाहर नसमेटिने भएकोले सबैलाई समेट्ने संरचना बनाई उनीहरूसँग छलफल गरी योजना तर्जुमा गर्नु पर्दछ।
  - स्थानीय तहको आवधिक योजना निर्माण गर्दा जोखिम संवेदनशील भूउपयोग योजना (Risk Sensitive Land Use Plan) बनाउनु पर्दछ।
  - आवधिक योजना बनाउँदा विषय क्षेत्रगत गुरू योजनाहरूसमेत बनाउनु पर्दछ।
  - आवधिक योजनालाई जोखिम उत्थानशील योजना (Disaster Resilient Plan)को रूपमा निर्माण गर्नु पर्दछ।
- श्री रघुनाथ खुलाल, प्रदेश विकास परिषद् सदस्य/प्रमुख, जि.स.स., मकवानपुर।
  - आवधिक योजना फेसनको रूपमा नभै आफ्नो स्रोत र क्षमता अनुसार कार्यान्वयन हुनेगरी तर्जुमा गर्नु पर्दछ।
  - आवधिक योजना तर्जुमा गर्दा सम्बन्धित विषयगत विज्ञसँग छलफल गर्नु आवश्यक छ।
  - आवधिक योजनामा प्राप्त हुने परिमाणहरू समेत पहिचान गर्नु पर्दछ।
  - दक्ष जनशक्ति उत्पादनको लागि केन्द्रहरू बनाउनु आवश्यक छ।
  - योजना तर्जुमा गर्दा तीन तहको सरकारको राम्रो समन्वय हुनु आवश्यक छ।
- श्री सहनलाल प्रधान, प्रदेश विकास परिषद् सदस्य/ प्रतिनिधि नेपाल उद्योग वाणिज्य महासंघ।
  - निजी क्षेत्रको योगदानको त्यति कदर भएन कि भन्ने लाग्छ।
  - प्रदेशको योजना निर्माण र कार्यान्वयनमा निजी क्षेत्रलाई सहयात्रीको रूपमा लिनु पर्दछ।
  - निजी क्षेत्रलाई समन्वय गर्ने प्रदेश सरकारको एउटा छुट्टै निकाय हुनु पर्दछ।

- श्री गीताकुमारी दाहाल, प्रदेश विकास परिषद् सदस्य/उपप्रमुख, विदुर नगरपालिका।
    - आवधिक योजना बनाउँदा सबै सरोकारवालाहरूलाई सहभागी गराउन २०-२२ वटा समितिहरू बनाउनु आवश्यक छ।
    - तीनै तहको सरकारको आवधिक योजना निर्माण गर्दा तीनै तहबीच समन्वय हुनु आवश्यक छ।
    - कति लगानी सम्मको योजना कुन तहको सरकारले सञ्चालन गर्ने भन्ने स्पष्ट मापदण्ड हुनु आवश्यक छ।
- श्री दीपा वोहोरा, प्रदेश विकास परिषद् सदस्य/ अध्यक्ष, सुनकोशी गाउँपालिका।
    - स्थानीय तहको आवधिक योजना बनाउँदा सरल र स्थानीय स्वामित्व हुनेगरी बनाउनु आवश्यक छ।
    - तीन तहको सरकारहरूले सञ्चालन गर्ने योजनाहरूको मापदण्ड हुनु पर्छ।
- डा. सुमित्रा अमात्य, प्रदेश विकास परिषद् सदस्य/पूर्व सदस्य, राष्ट्रिय योजना आयोग।
    - आवधिक योजनामा तरल, ग्यास, दृश्य र ध्वनि प्रदुषण नियन्त्रणलाई पनि समेट्नु आवश्यक छ।
    - विपदबाट उत्पन्न फोहोर व्यवस्थापन कसरी गर्ने हो सो कुरासमेत आवधिक योजनामा समेटिनु पर्दछ।
    - आवधिक योजना तर्जुमा गर्दा प्रयोग गरिने तथ्याङ्क वस्तुगत यथार्थ झल्कने किसिमको हुनु पर्दछ।
    - दिगो विकाससँग तादात्म्य हुने गरी वातावरणमैत्री पूर्वाधार विकासमा जोड दिनु पर्दछ।
    - आवधिक योजनामा दूरशिक्षालाई कसरी सञ्चालन गर्ने भन्ने कुरामा विशेष ध्यान दिनु पर्दछ।
    - आवधिक योजनामा अर्ग्यानिक उत्पादनलाई प्रवर्धन गर्ने खालका योजनाहरू समावेश हुनु पर्दछ।
- श्री ऋषिराम घिमिरे, प्रदेश विकास परिषद् सदस्य/ उद्योग संघ, मकवानपुर।
    - आवधिक योजनामा औद्योगिक क्षेत्र निर्माणमा जोड दिनु पर्दछ।
    - सरकारले औद्योगिक क्षेत्रको अनुगमन गरी आवश्यक सुधारमा जोड दिनु पर्दछ।
- मा. रिना गुरूङ, प्रदेश विकास परिषद् सदस्य/ प्रदेशसभा सदस्य, राप्रपा संसदीय दलको नेता।
    - प्रदेशले योजना तर्जुमा गर्दा भविष्यमा संझना लायक योजनाहरू(Remarkable Projects) ध्यान जानु पर्दछ।
    - प्रदेशको योजना बनाउँदा निजी क्षेत्रलाई पर्याप्त सहभागिता गराउनु पर्दछ।
    - फोहरमैला व्यवस्थापनमा ध्यान दिनुपर्दछ।
    - आवधिक योजना तर्जुमा गर्दा Gender-based and culture-based approach लाई ध्यान दिनु पर्दछ।
    - आवधिक योजनामा महामारीको प्रभावलाई न्युनिकरण गर्न राहत कोषको व्यवस्था गर्नु पर्दछ।
- मा. रमा आलेमगर, प्रदेश विकास परिषद् सदस्य/सभापति, उद्योग, पर्यटन, वन तथा वातावरण विकास समिति, प्रदेशसभा।
    - स्थानीय तहको आवधिक योजना तर्जुमाको लागि गरिएको लागत अनुमान दुर्गम पालिकाहरूसमेतको लागि उपयुक्त हुनु पर्दछ।
    - स्थानीय तहको आवधिक योजनालाई यथार्थपरक बनाउन आवश्यक तथ्याङ्कन सङ्कलन र विश्लेषण गर्नु पर्दछ।
    - परियोजना बैंकमा भएका योजनाहरूको कार्यान्वयन भए नभएको समीक्षा हुनु पर्दछ।
    - योजना छनौटको मापदण्ड र कार्यविधि स्पष्ट हुन आवश्यक छ।

- प्रदेश विकास परिषद्को बैठक ६/६ महिनामा आयोजना गर्नु पर्दछ।
- मा. न्हुच्छेनारायण श्रेष्ठ, प्रदेश विकास परिषद् सदस्य/सभापति, सार्वजनिक लेखा समिति, बागमती प्रदेश सभा।
  - वार्षिक रूपमा कार्यान्वयन गर्न सकिने गरी आवधिक योजना निर्माण गर्नु पर्दछ।
  - योजना तर्जुमा गर्दा निजी क्षेत्रको भूमिका बढाउनु पर्दछ।
  - मनोगत रूपमा समावेश गरिएका योजनाहरू कार्यान्वयनमा समस्या देखिएको हुँदा आयोजनाको छनौट परियोजना बैंकमार्फत नै गर्नु पर्दछ।
- श्री कल्पना शर्मा, प्रदेश विकास परिषद् सदस्य/अधिवक्ता।
  - आवधिक योजना तर्जुमा गर्दा सबैको भावना समेटेर तर्जुमा गर्नु पर्दछ।
  - आवधिक योजनामा निर्वाचन घोषणा पत्र र निर्वाचनको क्रममा जनाएका प्रतिबद्धताहरूसेमत प्रतिविम्वित हुनु पर्दछ।
  - योजना तर्जुमा र कार्यान्वयनका सम्बन्धमा प्रदेशसभा सदस्य र स्थानीय तहको प्रतिनिधिहरू समन्वयन हुनु पर्दछ।
- मा. घनश्याम दाहाल, प्रदेश विकास परिषद् सदस्य/सभापति, शिक्षा स्वास्थ्य तथा कृषि समिति, बागमती प्रदेशसभा।
  - योजनाहरू छनौट गर्दा जनताको जीवनमा परिवर्तन ल्याउने खालका योजनाहरू छनौट हुनु पर्दछ।
  - योजना सफल रूपमा कार्यान्वियन गर्न तीन तहको सरकारवीच समन्वय र सहकार्य हुनु आवश्यक छ।
  - परियोजना बैंकमा भएका योजनाहरूको पार्दर्शी हुनु पर्दछ।
  - विषयगत समितिहरूमा छलफल गरेरमात्र योजना छनौट गर्न आवश्यक छ।
- मा. सरेश नेपाल, प्रदेश विकास परिषद् सदस्य/सभापति, अर्थ तथा विकास समिति, बागमती प्रदेशसभा।
  - स्थानीय तहको आवधिक योजनाले बार्षिक योजनालाई निर्देश गर्नु पर्दछ।
  - संघ, प्रदेश र अन्य निकायले योजना तर्जुमा गर्दा स्थानीय तहको आवधिक योजनालाई सन्दर्भ सामग्री (Reference Document) को रूपमा प्रयोग गर्नुपर्दछ।
  - पछि आउने निर्वाचित प्रतिनिधिले समेत कार्यान्वयन गर्नसक्ने गरी आवधिक योजना तर्जुमा गर्नु पर्दछ।
- डा. मानवहादुर वि. के., प्रदेश विकास परिषद् सदस्य/प्रमुख सचिव, बागमती प्रदेश।
  - आवधिक योजनाले लिएका लक्ष्य भेट्टाउन सक्नेगरी वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा गर्नु पर्दछ।
  - योजना छनौट गर्दा तीनै तहको सरकारबीच उचित समन्वय हुनु पर्दछ।
  - प्रदेशले छनौट गर्ने योजनाहरू स्थानीय तहको आवधिक योजनासँग सम्बन्धित हुनु राम्रो हुन्छ।
  - योजना छनौट र बजेट तर्जुमा प्रकृयामा स्थानीय तहको सहभागिता हुनु पर्दछ।
  - प्रदेश सरकारले वार्षिक योजना तर्जुमा कार्यविधि बनाएर लागू गर्न पर्दछ।
  - विपन्न र सिमान्तकृत समुदायको जीविकोपार्जनसँग सम्बन्धि योजना तर्जुमा गर्दा स्थानीय तहको सकृय सहभागिता हुनु आवश्यक छ।
- मा. डा. रामकुमार फूँयाल, सदस्य, राष्ट्रिय योजना आयोग।
  - योजना बनाउँदा जोखिमको आँकलन गर्नु पर्दछ।

  - परियोजना बैंकको अभ्यास गर्नु पर्दछ।
  - योजना तर्जुमा गर्दा तथ्याङ्कका आधारमा गर्ने र सोही बमोजिम स्रोत परिचालनमा ध्यान दिनुपर्दछ।
  - योजना छनौट गर्दा अनुसन्धान र विकासमा जोड दिने खालका योजनाहरूसमेत छनौट गर्नु पर्दछ।
  - आजको बैठकको निश्कर्षलाई सफल रूपमा कार्यान्वयनमा लैजानु पर्दछ।
- मा. रामेश्वर फूँयाल, प्रदेश विकास परिषद् सदस्य/भौतिक पूर्वाधार विकास मन्त्री, बागमती प्रदेश।
  - योजनाहरूमा तीनै तहको सरकार र जनताको भूमिका हुनु पर्छ।
  - दिगो विकास लक्ष्यलाई ध्यानमा राख्नु पर्छ।
  - योजना बैंकलाई सरल बनाउनु पर्दछ।
  - सम्पदाको संरक्षण, लैङ्गिक समानताको विषयलाई ध्यानमा राखेर योजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्दछ।
- मा. कैलाश ढङ्गेल, प्रदेश विकास परिषद् सदस्य/आर्थिक मामिला तथा योजना मन्त्री, बागमती प्रदेश।
  - योजना छनौट गर्दा आवश्यकतालाई ध्यानमा राखी अति दुर्गम, दुर्गम र सुगमका विविधतालाई मध्यनजर गर्नु पर्दछ।
  - तीनै तहका सरकारले गर्ने कामलाई प्रष्ट छुट्ट्याएर योजना बनाई कार्यान्वयन गर्दा अपेक्षित सफलता प्राप्त हुन्छ।
  - जनताको सबैभन्दा नजीक रहेको सरकार स्थानीय तह भएकोले त्यसले बनाउने योजनाले मात्र जनताको आवश्यकतालाई समेट्न सक्दछ र अपनत्व पनि हुन्छ। यसका लागि स्थानीय तहको आवधिक योजना Milestone बन्न सक्छ।
  - आवधिक योजना निर्माण गर्दा निजी क्षेत्रलाई सक्रिय सहभागी गराउनु पर्दछ।
  - योजना तर्जुमा र बजेट तर्जुमा कार्यविधि बनाएर जान्छौ, मापदण्डमा नपरेको योजना वार्षिक योजनामा पर्दैन। हामी यसलाई यसपाली लागू गर्छौं।
  - आवधिक योजना तर्जुमा गर्दा वातावरणीय पक्षलाई सम्बोधन गर्नु आवश्यक छ।
- मा. अरूणप्रसाद नेपाल, प्रदेश विकास परिषद् सदस्य/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री, बागमती प्रदेश।
  - Hardware र Software Project बीच सन्तुलन बनाउनु पर्छ।
  - योजना छनौट गर्ने बेलामा समाजवाद उन्मुख विकासको बारेमा ध्यान जानु पर्छ।
  - गरिब पहिचान गर्नु पर्छ र तथ्याङ्क तयार गर्नु पर्छ।
  - गरिबलाई छुट वा अनुदान, भत्ता आदि थप गर्ने र स्वास्थ्य विमा गर्नु पर्छ।
  - रोजगारमा विपन्न परिवारको लागि कोटा छुट्याउनु पर्छ।
  - शिक्षामा छात्रबृति दिनु पर्छ।
  - खतियोग्य जमिन बाँझो छ तर खेति गर्नेका लागि जमिन छैन। तसर्थ, विपन्न परिवारलाई खेतिको लागि दिने व्यवस्था मिलाउनु पर्दछ।
- मा. डोरमणि पौडेल, मुख्यमन्त्री, बागमती प्रदेश।
  - योजना छनौटमा समस्या छ। मापदण्ड बनाउनु पर्छ।
  - परियोजना बैंकलाई स्पष्ट रूपमा कार्यान्वयन गरिनेछ। यसका लागि कार्यविधि बनाएर लागू गरिनेछ।

- स्थानीय तह र प्रदेशसभा सदस्य वीच समन्वय गरेर आएका योजनाहरूले प्राथमिकता पाउँछ।
- परियोजना बैंकको मापदण्डमा रोजगार सिर्जना, उत्पादन बृद्धि, आयात प्रतिष्ठापनलाई पनि राख्नुपर्छ।
- आवधिक योजना हरेक पालिकाको बन्नु पर्छ।
- सबभन्दा पहिले Land use plan बनाउनु पर्छ।
- प्रत्येक पालिकाले जग्गा विकास कार्यक्रम बनाउनु पर्छ।
- स्थानीय तहको आवधिक योजनामा फोहोरमैला व्यवस्थापनमा ध्यान दिनु पर्दछ।
- ज्येष्ठ नागरिक लगायतका वर्गले विकासको लाभ लिन सक्ने योजनाहरू छनौट गर्नु पर्दछ।
- भौतिक विकासलाई मात्र विकास मान्ने वर्तमान सोचाइमा परिवर्तन गरी गरिब, निमुखा, विकासको पिंधमा रहेका क्षेत्र र वर्गका जनताको आवश्यकतालाई सम्बोधन गर्नेगरी स्थानीय तहको आवधिक योजना निर्माण गर्नु पर्दछ।
- प्रदेश सरकारसँग निजी क्षेत्रको अपेक्षा के हो प्रष्ट हुनु पर्छ।
- हाम्रो प्राथमिकता उत्पादनमा बढी र बजारीकरणमा कम भएका कारण उत्पादन बजार पाउन सकेको छैन। निजी क्षेत्रको ध्यान पनि यसमा जानु पर्दछ।
- तीनै तहको सरकारले गरेको कामको अनुगमन र स्थायीत्वको लागि स्थानीय सरकार बढी जिम्मेवार हुनु पर्छ।

## ६. बैठकको निश्कर्ष तथा निर्णय

बैठकको निश्कर्ष तथा निर्णय देहाय बमोजिम रहेका छन्:

- प्रदेश नीति तथा योजना आयोगको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउने।
- प्रदेश सरकारको योजना तथा बजेट तर्जुमा प्रणालीलाई थप व्यवस्थित बनाउन वार्षिक योजना तर्जुमा कार्यविधि बनाई लागू गर्ने।
- प्रदेश आयोजना बैंक स्थापना गरी सोमा समावेश भएका आयोजनाहरूमध्येबाट योजना छनौट गरी कार्यान्वयन गर्ने।
- स्थानीय तहमा योजनाबद्ध विकास प्रकृयालाई संस्थागत गर्नका लागि स्थानीय तहको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जूमा गर्न प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

# अनुसूची १: कार्यक्रम तालिका

| | | |
|---|---|---|
| प्रदेश सरकार | | |
| प्रदेश नीति तथा योजना आयोग | | |
| प्रदेश विकास परिषदको दोश्रो वैठकको कार्यक्रम तालिका | | |
| | | |
| स्थान : सौरहा चितवन | | मितिः २०७७।०९।०६ |
| समय | | क्रियाकलापहरु |
| ८:०० देखि ८:४५ | | उपस्थिती, चिया नास्ता |
| आसन ग्रहण | | |
| ९.०० देखि | अध्यक्षता | बागमति प्रदेशका मुख्यमन्त्री तथा नीति तथा योजना आयोगका अध्यक्ष माननीय श्री डोरमणी पौडेल |
| | विषेश अतिथि | माननिय उपाध्यक्ष पुष्पराज कडेल, राष्ट्रिय योजना आयोग, काठमाण्डौं |
| | पदेन सदस्य | मा. शालिक राम जम्कट्टेल, मन्त्री ,आन्तरीक मामिला तथा कानुन मन्त्रालय ,वागमती प्रदेश |
| | पदेन सदस्य | मा. अरुण कुमार नेपाल, मन्त्री ,उध्दोग पर्यटन वन तथा वातावरण मन्त्रालय ,वागमती प्रदेश |
| | पदेन सदस्य | मा. कैलाश ढुंगेल, मन्त्री ,आर्थिक मामिला तथा योजना मन्त्रालय ,वागमती प्रदेश |
| | पदेन सदस्य | मा. दावा दीर्जे लामा, मन्त्री ,भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ,वागमती प्रदेश |
| | पदेन सदस्य | मा. युवराज दुलाल, मन्त्री ,सामाजिक विकाश मन्त्रालय ,वागमती प्रदेश |
| | पदेन सदस्य | मा.रामेश्वर फुयाल मन्त्री भौतिक पुर्वाधार विकास मन्त्रालय बागमती प्रदेश । |
| | पदेन सदस्य | मा. इन्द्र व. वानिया प्रमुख प्रतिपक्षी दल, प्रदेश सभा वागमती प्रदेश |
| | आमन्त्रित सदस्य | मुख्यमन्त्रीज्यूको प्रमुख राजनैतिक सल्लाहकार श्री जगन्नाथ थपलिया |
| | पदेन सदस्य | प्रदेश सभाका विभिन्न समितिका माननीय सभापतीज्यूहरु |
| | पदेन सदस्य | प्रदेश सभाका विभिन्न संसदलिय दलका नेता माननीय सदस्यज्यूहरु |
| | मनोनीत सदस्य | काठमाण्डौ माहानगरपालिकाका प्रमुख श्री विद्या सुन्दर शाक्य |
| | मनोनीत सदस्य | ललितपुर माहानगरपालिकाका प्रमुख श्री चिरिवावु महर्जन |
| | मनोनीत सदस्य | भरतपुर महानगरपालिकाका प्रमुख श्री रेणु दहाल |
| | आमन्त्रीत सदस्य | मा.डा राम कुमार फुयाल, सदस्य राष्ट्रिय योजना आयोग |

| | | |
|---|---|---|
| | पदेन सदस्य | का वा उपाध्यक्ष माननीय श्यामकुमार वस्नेत प्रदेश नीति तथा योजना आयोग वागमति प्रदेश |
| | पदेन सदस्य | माननीय प्रा.डा. रामचन्द्र ढकाल सदस्य प्रदेश नीति तथा योजना आयोग |
| | पदेन सदस्य | माननीय सदस्य डा यमुना कडेल प्रदेश नीति तथा योजना आयोग |
| | मनोनित सदस्य | प्रदेश विकास परिषदमा मनोनित संपूर्ण सदस्यज्यूहरु वागमती प्रदेश |
| | आमन्त्रीत सदस्य | प्रमुख सचिव श्री डा मान वहादुर विके, प्रदेश सरकार, वागमती प्रदेश |
| | आमन्त्रीत सदस्य | मुख्यमन्त्री कार्यालयका सचिवज्यूहरु, वागमती प्रदेश |
| | | |
| | | |
| ९.१० मा | | राष्ट्रिय गान |
| | | |
| ९.१५ वजे | स्वागत ,उदेश्य तथा कार्यक्रमको जनकारी | मा सदस्य श्याम कुमार वस्नेत प्रदेश नीति तथा योजना आयोग वागमती प्रदेश |
| ९.३० वजे | उद्घाटन (पानसमा बत्ति बालेर | माननिय मुख्यमन्त्री डोरमणी पौडेल ज्यू |
| ९.३० देखि | प्रस्तावको संवन्धमा कार्यपत्र पेश | आर्थिक मामिला तथा योजना मन्त्रालयका तथा आयोगका सचिव श्री डण्डुराज घिमिरे |
| ९.४५ देखि १०.३० सम्म | | सहभागिहरुवाट प्रस्तावमा छलफल फ्लोर खुला |
| १०.३०-१०.४५ | मन्तव्य | प्रमुख सचिव श्री डा मान वहादुर विकेज्यू वाट |
| १०.४५-११.०० | मन्तव्य | माननीय सदस्य डा.राम कुमार फुयाल राष्ट्रिय योजना आयोग |
| ११.००-१२.००- | मन्तव्य | बागमती प्रदेशका मन्त्रीज्यूहरु |
| १२.००-१२.२० | मन्तव्य | माननीय उपाध्यक्ष पुष्पराज कडेलज्यु राष्ट्रिय योजना आयोग |
| १२.३० मा | समापन | मुख्यमन्त्रीज्यू वाट |
| १२.३० देखि | खाना | |
| प्रस्तावहरु | १ स्थानिय तहहरुको आवधिक योजना निर्माणकालागि मार्गनिर्देशन संवन्धमा । | |
| | २ प्रदेश योजना तर्जुमा प्रकृया व्यवस्थित गर्न आयोजना छनौट कार्यविधि निर्माणका लागि मार्गनिर्देशन संवन्धमा । | |

## अनुसूची २: प्रस्तुतीको स्लाइड्स

**बागमती प्रदेश विकास परिषद्को दोश्रो बैठक**

६ पौष २०७७
सौराहा, चितवन

**प्रदेश नीति तथा योजना आयोगबाट सम्पादन भएका कार्यहरू**

डण्डुराज घिमिरे
सचिव
प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश

### प्रमुख कार्यहरू

- बागमती प्रदेशको पहिलो आवधिक योजना, प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा दिग्दर्शन प्रकाशन गरिएको।




### प्रमुख कार्यहरू (क्रमशः)

- आवधिक योजना, प्रदेश सरकारका नीति तथा कार्यक्रम, बजेट बीचमा तलियो अन्तरसम्बन्ध कायम गर्न नीति तथा कार्यक्रम र बजेट तर्जुमासम्बन्धी कार्यदलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयबीच पटक पटक छलफल भएको।

### प्रमुख कार्यहरू

- आ.व.०७६।७७ को वार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न गरिएको।
- प्रदेश नीति तथा योजना आयोगको आ.व.०७६।७७ को वार्षिक प्रतिवेदन माननीय मुख्यमन्त्री समक्ष पेश गरिएको।



### प्रमुख कार्यहरू (क्रमशः)

- दिगो विकासका लक्ष्यहरू बागमती प्रदेशको वर्तमान अवस्था तथा भावी मार्गचित्र अङ्ग्रेजी र नेपाली दुवै भाषामा प्रकाशन गरिएको।




### प्रमुख कार्यहरू (क्रमशः)

- वैकल्पिक चिकित्सा तथा आयुर्वेद विज्ञानको बागमती प्रदेशमा प्रयोग तथा यसले अर्थतन्त्रमा पारेको प्रभावलाई विकाससँग जोडेर लैजाने विषयमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न ।

### प्रमुख कार्यहरू (क्रमशः)

- कोभिड-१९ ले बागमती प्रदेशको आर्थिक,सामाजिक र अन्य क्षेत्रमा पारेको असर परामर्शदाताबाट अध्ययन गराई सोको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ।
- प्रदेशको वस्तुस्थिति विवरणको अद्यावधिक गर्ने काम परामर्शदाताबाट भैरहेको ।



## प्रमुख कार्यहरू (क्रमशः)


- प्रदेश विकास समस्या समाधान उपसमितिको बैठक आयोगका कार्यवाहक उपाध्यक्षको अध्यक्षतामा प्रमुख सचिव, मन्त्रालयका सचिवज्यूहरूको उपस्थितिमा सम्पन्न गरिएको।
- आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक प्रगति समिक्षा सम्पन्न गरेको।



## स्थानीय योजनाको अवस्था

स्थानीय तहमा आवधिक योजना, एकीकृत विकास योजना, विस्तृत योजना, गुरु योजना, रणनीतिक योजना लगायतका योजनाको अवस्था

| योजनाहरूको अवस्था | सङ्ख्या |
|---|---|
| कुनै एक योजना भएका | ५२ |
| कुनै एक योजना बनाउँदै गरेका | १५ |
| कुनै पनि योजना नभएका (वार्षिक योजना बाहेक) | ५२ |
| जम्मा | ११९ |




## आवधिक योजना र मध्यमकालीन खर्च संरचना निर्माण प्रकृया शुरू भएका २० स्थानीय तहहरू

| क.सं. | जिल्लाको नाम | स्थानीय तहको नाम |
|---|---|---|
| १ | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका |
| २ | काभ्रेपलाञ्चोक | भुम्लु गाउँपालिका |
| ३ | काभ्रेपलाञ्चोक | महाभारत गाउँपालिका |
| ४ | काभ्रेपलाञ्चोक | बेथानचोक गाउँपालिका |
| ५ | काभ्रेपलाञ्चोक | बनेपा नगरपालिका |
| ६ | नुवाकोट | लिखु गाउँपालिका |
| ७ | नुवाकोट | बिदुर नगरपालिका |
| ८ | नुवाकोट | ककनी गाउँपालिका |
| ९ | ललितपुर | बागमती गाउँपालिका |
| १० | सिन्धुली | ग्याङलेख गाउँपालिका |

| क.सं. | जिल्लाको नाम | स्थानीय तहको नाम |
|---|---|---|
| ११ | सिन्धुली | सुनकोशी गाउँपालिका |
| १२ | सिन्धुली | फिक्कल गाउँपालिका |
| १३ | दोलखा | मेलुङ गाउँपालिका |
| १४ | दोलखा | बैतेश्वर गाउँपालिका |
| १५ | दोलखा | तामाकोशी |
| १६ | रसुवा | आमाछोदिङमो गाउँपालिका |
| १७ | मकवानपुर | भीमफेदी |
| १८ | मकवानपुर | राक्सिराङ गाउँपालिका |
| १९ | मकवानपुर | कैलाश गाउँपालिका |
| २० | मकवानपुर | इन्द्रसरोवर गाउँपालिका |

## योजना तर्जुमा सम्बन्धी प्रारम्भिक तयारी





## प्रमुख कार्यहरू (क्रमशः)

- बागमती प्रदेशका ११९ वटै स्थानीय तहमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार गर्ने काम बागमती प्रदेश सुशासन केन्द्रसँगको सहकार्यमा भैराखेको छ।
  - पहिलो चरणमा लागत सहभागिता जनाउने प्रतिबद्धता जनाएका २० स्थानीय तहमा मार्गनिर्देशन, परामर्शदाताको कार्यविवरण, लागत अनुमान र सम्झौता पत्रको मस्यौदा पठाइएको
  - योजना र खर्च संरचनाको विधि, मापदण्ड, सुपरिवेक्षण, अनुगमन र गुणस्तर कायम गराउनका प्राविधिक कार्यमा आयोगको भूमिका केन्द्रित हुने
  - आर्थिक सहयोग, सुपरिवेक्षण र अनुगमनमा प्रदेश सुशासन केन्द्र केन्द्रित रहने

## आवधिक योजना नभएका ५२ मध्ये

| योजना निर्माणमा प्रतिबद्धताको अवस्था | पालिका सङ्ख्या |
|---|---|
| वित्तीय प्रतिबद्धता जनाएका | २२ |
| विकास साझेदारबाट लगानी हुने | २ |
| प्रदेश सुशासन केन्द्र (PLGSP) बाट लगानी हुने | २० |




## योजना र खर्च संरचना निर्माणको लागि तयार गरी स्थानीय तहमा पठाइएका कागजातहरू



- आवधिक योजना र मध्यमकालीन खर्च संरचना निर्माण सम्बन्धी मार्ग निर्देशन
- परामर्शदाताको कार्यविवरण
- लागत अनुमान
- सम्झौता पत्रको मस्यौदा



# धन्यवाद

# अनुसूची ३: बैठकका सहभागीहरूको सूची

प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग वागमती प्रदेश हेटौडा

प्रदेश विकास परिषदको दोश्रो बैठकमा भएको उपस्थिति

स्थान सौरहा चितवन | मिति २०७७।०९।०६

| सिनं | विकास परिषद | पद | नाम थर | निकाय | मोवाइल नंवर | दस्तखत |
|---|---|---|---|---|---|---|
| | अध्यक्ष | मुख्यमन्त्री | मा. श्री डोरमणी पौडेल | प्रदेश सरकार, वागमति प्रदेश | | |
| | आमन्त्रित | उपाध्यक्ष | मा. प्र.डा.पुष्पराज कडेल | राष्ट्रिय योजना आयोग | | |
| | पदेन सदस्य | मन्त्री | मा. श्री शालिकराम जमकट्टेल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, वागमती प्रदेश | 9851100109 | |
| | पदेन सदस्य | मन्त्री | मा. श्री अरुण प्रसाद नेपाल | परिषद सदस्य उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वागमती प्रदेश | 9851125645 | |
| | पदेन सदस्य | मन्त्री | मा. श्री कैलास प्रसाद ढुंगेल | आर्थिक मामिला तथा योजना मन्त्रालय, वागमती | | |
| | पदेन सदस्य | मन्त्री | मा. श्री दावा दोर्जे लामा | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वागमती प्रदेश | | |
| | पदेन सदस्य | मन्त्री | मा.श्री युवराज दुलाल | सामाजिक विकास मन्त्रालय, वागमती प्रदेश | ९८५१२२२१११ | |
| | पदेन सदस्य | मन्त्री | मा. श्री रामेश्वर फुयाल | भौतिक पूर्वाधार विकास मन्त्रालय, वागमती प्रदेश | ९८५१००८५०८ | |
| | पदेन सदस्य | संसदिय दलका नेता | मा. श्री इन्द्र वहादुर वानिया | प्रदेश सभा विपक्षि दलका नेता | | |
| | आमन्त्रित सदस्य | मुख्यमन्त्री ज्यूको प्र.रा.स. | श्री जगन्नाथ थपलिया | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय वागमती प्रदेश | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१

| परिषद | पद | नाम थर | निकाय | मीवाइल नंवर | दस्तखत |
|---|---|---|---|---|---|
| पदेन सदस्य | संसदिय दलका नेता | मा. श्री रमेश पौडेल | प्रदेश सभा नेता विवेकशील साझा पाटी | | |
| पदेन सदस्य | संसदिय दलका नेता | मा. श्री सुरेन्द्रराज गोसाइ | प्रदेश सभा नेता नेपाल मजदुर किसान पार्टि | | |
| पदेन सदस्य | संसदिय दलका नेता | मा. श्री रिना गुरुङ् | प्रदेश सभा नेता ~~राष्ट्रिय प्र संयुक्त~~ रा.प्र.पा | | |
| पदेन सदस्य | संसदिय दलका नेता | मा. श्री रिता माझि | प्रदेश सभा नेता रा.प्र.पा. | | |
| पदेन सदस्य | संसदिय दलका नेता | मा. श्री प्रेम वहादुर तमाङ्ग | प्रदेश सभा नेता स्वतन्त्र | | |
| पदेन सदस्य | सभापति | मा. श्री माधव प्रसाद पौडेल | प्रदेश मामिला समिति, प्रदेश सभा, वागमती प्रदेश | | |
| पदेन सदस्य | सभापति | मा. श्री सरेश नेपाल | अर्थ तथा विकास समिति, प्रदेश सभा, वागमती प्रदेश | 98510134[illegible]3 | |
| पदेन सदस्य | सभापति | मा. श्री न्हुच्छे नारायण श्रेष्ठ | सार्वजनिक लेखा समिति, प्रदेश सभा, वागमती प्रदेश | 9851038819 | |
| पदेन सदस्य | सभापति | मा. श्री घनश्याम दहाल | शिक्षा, स्वास्थ्य तथा कृषि समिति, प्रदेश सभा, वागमती प्रदेश | [illegible] | |
| पदेन सदस्य | सभापति | मा. श्री रमा आले मगर | उद्योग, पर्यटन तथा वातावरण समिति, प्रदेश सभा,वागमती प्रदेश | 9851212805 | |
| मनोनित सदस्य | प्रमुख | श्री विद्या सुन्दर शाक्य | काठमाण्डौ महानगरपालिका | | |
| पदेन सदस्य | उपाध्यक्ष | मा.श्याम कुमार वस्नेत | प्रदेश नीति तथा योजना आयोग वागमती प्रदेश | | |
| पदेन सदस्य | सदस्य | प्रा.डा. राम चन्द्र ढकाल | प्रदेश नीति तथा योजना आयोग वागमती प्रदेश | | |
| पदेन सदस्य | सदस्य | डा. यमुना कंडेल | प्रदेश नीति तथा योजना आयोग वागमती प्रदेश | | |
| आमन्त्रित | प्रमुख सचिव | डा मान वहादुर विके | वागमती प्रदेश सरकार | | |
| | | | | | |

२

| विकास परिषद | पद | नाम थर | निकाय | मोवाइल नंवर | दस्तखत |
|---|---|---|---|---|---|
| मनोनित सदस्य | प्रमुख | श्री रेणु दहाल | भरतपुर महानगरपालिका | | |
| मनोनित सदस्य | प्रमुख | श्री चिरिवावु महर्जन | ललितपुर महानगरपालिका | | |
| मनोनित सदस्य | प्रमुख | श्री रघुनाथ खुलाल | जिल्ला समन्वय समिति मकवानपुर | | |
| आमन्त्रित | सदस्य | डा.राम कुमार फुयाल | राष्ट्रिय योजना आयोग काठमाण्डौं | ९८४१९६०४२६ | |
| मनोनित सदस्य | सदस्य | श्री श्रीचन्द्र शर्मा | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री प्रताप विष्ट | प्रदेश विकास परिषद वागमती प्रदेश | [illegible] | |
| मनोनित सदस्य | सदस्य | श्री ऋषिराम घिमिरे | प्रदेश विकास परिषद वागमती प्रदेश | ९८४४०६८६८५ | |
| मनोनित सदस्य | सदस्य | श्री रजनी जोशि | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री कर्मुतमाङ श्रेष्ठ | प्रदेश विकास परिषद वागमती प्रदेश | 9841903451 | |
| मनोनित सदस्य | सदस्य | श्री भरत वहादुर के सि | प्रदेश विकास परिषद वागमती प्रदेश | 9851143779 | |
| मनोनित सदस्य | सदस्य | श्री अप्सरा चापागाइ | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री कृष्णराज चौधरी | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री डा दिनेश पौडेल | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री गोपाल न्पौपाने | प्रदेश विकास परिषद वागमती प्रदेश | 9851201501 | |
| मनोनित सदस्य | सदस्य | श्री भवानी राणा | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री दिपा वोहरा | प्रदेश विकास परिषद वागमती प्रदेश | 9844082014 | |
| मनोनित सदस्य | सदस्य | श्री कल्पना शर्मा | प्रदेश विकास परिषद वागमती प्रदेश | 9851139533 | |

२

| [illegible] परिषद | पद | नाम थर | निकाय | मीवाइल नंवर | दस्तखत |
|---|---|---|---|---|---|
| मनोनित सदस्य | सदस्य | श्री कुमार थापा | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री डा तिलचन्द्र भट्टराइ | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री डा सुमित्रा अमात्य | प्रदेश विकास परिषद वागमती प्रदेश | 9851053953 | [signature] |
| मनोनित सदस्य | सदस्य | ~~श्री दिनेश श्रेष्ठ~~ महेन्द्र नाथ प्रधान (प्रतिनिधि) | प्रदेश विकास परिषद वागमती प्रदेश | 9855055400 | [signature] |
| मनोनित सदस्य | सदस्य | श्री कृष्णमान श्रेष्ठ | प्रदेश विकास परिषद वागमती प्रदेश | 98510-53381 | [signature] |
| मनोनित सदस्य | सदस्य | श्री गिता कुमारी दहाल | प्रदेश विकास परिषद वागमती प्रदेश | 985108707३ | [signature] |
| मनोनित सदस्य | सदस्य | श्री अच्यूत कुमार पौडेल | प्रदेश विकास परिषद वागमती प्रदेश | | |
| मनोनित सदस्य | सदस्य | श्री इश्वरचन्द्र पोखरेल | प्रदेश विकास परिषद वागमती प्रदेश | [illegible] | [signature] |
| आमन्त्रित | सचिव | श्री राधिका अर्याल | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय वागमती | ९८५५०६६५६५ | [signature] |
| आमन्त्रित | सचिव | डा हरि प्रसाद लम्साल | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय वागमती | 9851119902 | [signature] |
| सदस्य सचिव | सचिव | श्री डण्डुराज घिमिरे | प्रदेश नीति तथा योजना आयोग | | |
| आमन्त्रित | विज्ञ | श्री पुष्कल श्रेष्ठ | प्रदेश नीति तथा योजना आयोग | 9851190916 | [signature] |
| | उपसचिव | श्री कृष्ण प्रसाद आचार्य | प्रदेश नीति तथा योजना आयोग | | [signature] |
| | शा.अ. | चिरन्जिवी प्रसाद पौडेल | प्रदेश नीति तथा योजना आयोग | | [signature] |
| | [illegible] | [illegible] | [illegible] | ९८४५३ ६० ५०२ | [signature] |
| | उप-प्रमुख | [illegible] | | 9851162882 | [signature] |

४

# अनुसूची ४: कार्यक्रमका केही तस्वीरहरू








समृद्धिका लागि संरक्षण
CONSERVATION FOR PROSPERITY